आज मिति २०७७।१०।२५ गते आइतवार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य
४ श्री कृष्ण कुमार कार्की – सदस्य
५ श्री ज्ञान वहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अञ्चल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री चित्र बहादुर तामाङ – सदस्य
१३ श्री माया तामाङ – सदस्य
१४ श्री सानुमाया पहरी – सदस्य
१५ श्री उर्मिला वि. क. बराइली – सदस्य
१६ श्री सावित्रा अछामी – सदस्य
१७ श्री बालकृष्ण पहरी – सदस्य
१८ श्री शंकर नेपाली – सदस्य
१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु

१ आन्तरिक आय ठेक्का सम्बन्धमा ।
२ सोनाम ल्होसारको विदा सम्बन्धमा ।
३ पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४ गाउँ सभाको मिति तोक्ने सम्बन्धमा ।
५ आर्थिक सहायता सम्बन्धमा ।
६ प्रादेशिक तथा स्थानीय सडक निर्माण सुधार कार्यक्रम
७ विद्यालयका प्रस्तावहरु अनुमोदन सम्बन्धमा ।
८ मेडपा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।
९ सडक बोर्डको अनुदानमा संचालन हुने योजना सम्बन्धमा ।
१० शत प्रतिशत अनुदानमा ट्याक्टर वितरण सम्बन्धमा ।

निर्णयहरु:

१ यस गाउँपालिकाको मिति २०७७।८।३० को सुचना अनुसार २०७७।१०।०२ मा दर्ता भई गाउँपालिकाको मिति २०७७।१०।०५ को ठेक्का सम्झौता गर्ने आशयपत्र तथा मिति २०७७।१०।१२ को पत्र अनुसार यस गाउँपालिकाको ठेक्का नं BRM/NCB/IR/07/077/78 बगरको ठेक्का सम्झौताको लागि तोकिएको म्याद भित्र सबै भन्दा उच्चतम अंक १,९९,९९,९९९।९५ कबोल गर्ने शुभारम्भ नेपाल कन्सट्रक्सन प्रा लि ले सम्झौता गर्न नआएको तथा सो भन्दा दोस्रो उच्च कबोल अंक रु ६८,३०,०००।०० कबोल गर्ने त्रिवेणी ट्रेडिङ एण्ड सप्लायर्स स्थानको उच्च अंक प्राप्त गर्ने त्रिवेणी ट्रान्सपोर्ट एण्ड म्यानेजमेन्ट प्रा लि ले तेस्रो उच्च अंक कबुल गर्ने ६७८००००।०० भएकोमा पहिलो र दोस्रो कबुल गरेको रकमको अन्तर १,३१,६९,९९९।९५ भएकोले दोस्रो पक्षसँग सम्झौता गर्दा बढी कबोल गर्नेले छोड्दै जाने र मिलेमतोमा क्रमशः कम रकम कबोल गर्ने पक्षहरुलाई सम्झौता गर्ने प्रवृतिको विकास हुदै जाने र आन्तरिक आय संकलन ठेक्कामा स्वच्छ प्रतिस्प्रर्धा हुन नसक्ने भएकोले तथा ठेक्का नं BRM/NCB/IR/06/077/78 मा केवल एकमात्र फर्म श्रीपि एस के निर्माण सेवा सहभागी भई रु ६०,००,०००।०० कबोल गरेकोमा सो फर्म समेत सम्झौताको लागि कार्यालय समक्ष उपस्थित नभएकोले दुबै ठेक्काको यस अघि सहभागी सबै निवेदनहरु खारेज गरी १५ दिनको म्याद राखी पुनः ठेक्काको सूचना जारी गर्ने

Scanned with CamScanner

तथा सो ठेक्काको सम्झौता नगर्ने शुभारम्भ नेपाल कन्सट्रक्सन प्रा लि तथा पि एस के निर्माण सेवाले नियमानुसार कबोल अंकको ५ प्रतिशतका दरले यस कार्यालयमा धरौटी स्वरुप जम्मा गरेको रकम समेत जफत गरी आगामी २ वर्षका लागि यस कार्यालयबाट जारी गरिने आय सम्बन्धी ठेक्कामा सहभागी नगराउने निर्णय गरियो ।

२ सोनाम ल्होसारको अवसरमा २०७७।१०।२९ र ३० गते यस गाउँपालिका अन्तर्गतका निकायहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

३ यस गाउँपालिकाको डोजर संचालनको कार्यमा आवश्यक सहयोग र समन्वय राजकुमार लामालाई खटिएको दिनको रु ५०० का दरले खाना र खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

४ गाउँ सभाको हिउँदे अधिवेशनको मिति २०७७।११।११ गते तोक्ने गरी अध्यक्ष ज्युबाट तोकिएको सम्बन्धमा जानकारी गराइयो तथा मिति २०७७।११। १० गते यस आर्थिक वर्षको अर्ध-बार्षिक समिक्षा कार्यक्रमको मिति तोक्ने निर्णय गरियो ।

५ निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र स | नाम | वडा नं | विवरण | सहयोग रकम |
|---|---|---|---|---|
| १ | साधुराम खड्का | ५ | मृगौला रोग | ३०००० |
| २ | सुजाता भुजेल | ७ | घाँटीको अपरेसन | ३०००० |
| ३ | गुन्टा बहादुर श्रेष्ठ | १ | आगोले पोलेको | ३०००० |
| ४ | गोपी श्रेष्ठ | १ | छारे रोग | ३०००० |
| ५ | कमल बहादुर गिरी | १ | मृगौला रोग | ३०००० |
| ६ | शिव बहादुर भुजेल | ३ | घर आगलागी | ३०००० |
| ७ | गुणलक्ष्मी खरेल | ७ | घर आगलागी | ३०००० |
| ८ | हरि बहादुर तामाङ | ७ | बर्षातले क्षति | ३०००० |
| ९ | ज्ञान बहादुर तामाङ | ३ | घर आगलागी | ३०००० |

Scanned with CamScanner

६ प्रादेशिक तथा स्थानीय सडक निर्माण सुधार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको चेहेरे रिठ्ठे सापिङ हवेली सल्ले सडक लाई पक्की सडकको रुपमा स्तरोन्नति गर्न सिफारिस साथ प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

७ नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत संचालन हुने राष्ट्रपति शैशिक सुधार कार्यक्रमका लागि तपशिल बमोजिमका विद्यालयहरुबाट प्राप्त परियोजना प्रस्ताव मन्त्रालय समक्ष पेश गर्ने निर्णय गरियो ।

| क्र स | विद्यालयको नाम | कार्यक्रमको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १ | बनदेवी मा वि भुम्लु ३ | भौतिक पूर्वाधार र पुनःसंरचना | २० लाख |
| २ | बनदेवी मा वि भुम्लु ३ | खानेपानी | ५ लाख |
| ३ | प्रकाश मा वि भुम्लु ८ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि नवप्रवर्तन र सिकाइ | २५ लाख |
| ४ | अरुणोदय मा वि भुम्लु २ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि नवप्रवर्तन र सिकाइ | २५ लाख |
| ५ | जनता मा वि भुम्लु ६ | भौतिक पूर्वाधार र पुनःसंरचना | |

८ यस गाउँपालिका अन्तर्गत मेडपा कार्यक्रम वडा १ ,२, ७ र ८ मा संचालन गर्ने निर्णय गरियो ।

९ सडक बोर्डको अनुदानमा दोलालघाट भुम्लुटार सल्ले सडकको राउपाखा तथा हवेली खण्डको सोलिङ तथा ढलान मर्मत आयोजना संचालन गर्ने र सो योजनाको लागि यस गाउँपालिकाबाट नियमानुसार समपुरक रकम उपलब्ध गराउने निर्णय गरियो ।

१० यस गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को निति तथा कार्यक्रम अनुसार सबै वडा अन्तर्गत १ जनाको दरले जम्मा १० जना विपन्न कृषकलाई शत प्रतिशत अनुदानमा ट्याक्टर उपलब्ध गराउने कार्यक्रम रहेकोमा सम्बन्धित वडा कार्यालयहरुबाट सो वडाका विपन्न कृषकहरुको नाम सिफारिस भएर आए बमोजिम तपशिल बमोजिमका कृषकहरुलाई कृषकहरुले यस तोकिए बमोजिमको बैकमा खाता

Scanned with CamScanner

खोली तोकिए बमोजिमको रकम मर्मत कार्यका लागि जम्मा गर्नुपर्ने समेत व्यवस्था गरी ट्याक्टर उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र स | कृषकको नाम | वडा नं |
|---|---|---|
| १ | दुर्गा वहादुर तामाङ | १ |
| २ | प्रेम बहादुर पहरी | ६ |
| ३ | सिताराम पहरी | २ |
| ४ | राज कुमार परियार | ५ |
| ५ | राम बहादुर शिवभक्ती | ८ |
| ६ | नारायण पहरी | ३ |
| ७ | चन्द्र बहादुर परियार | ७ |
| ८ | जित कुमार लामा | १० |
| ९ | आइते पहरी | ४ |
| १० | मकर बहादुर पहरी | १ |

Scanned with CamScanner